निर्णयः-

१. आजको बैठकमा उपस्थित हुनुभएका संचार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङ्गले अनलाइन संचार माध्यम निर्देशिका, २०७३ अनलाइन संचार माध्यमहरुको नियमन गर्न कुनै कानूनी व्यवस्था नरहेको पृष्ठभूमिमा बाध्यात्मक रुपमा सुशासन(संचालन तथा व्यवस्थापन) ऐन,२०६४ को दफा ४५ प्रयोग गरी जारी गरिएको जानकारी गराउनुभयो। छलफलको क्रममा उहाँले अनलाइन संचार माध्यम संचालन निर्देशिका,२०७३ का प्रावधानहरु समेटी आम संचार सम्बन्धी विधेयक संसद समक्ष पेश गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। आमसंचार सम्बन्धी विधेयक तत्काल संसदको चालु अधिवेशनमा पेश गर्न संचार तथा सूचना प्रविधि मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।

२. आजको बैठकमा सर्वोच्च बार एसोसिएसनसँग सहकार्य गर्ने सम्बन्धमा छलफल गर्दा सर्वोच्च बार एसोसिएसनबाट प्राप्त भएको समझदारीपत्रको प्रारम्भिक मस्यौदामा छलफलको क्रममा प्राप्त सुझावहरु समेटी परिमार्जित मस्यौदा समिति सचिवालयले सर्वोच्च बार एसोसिएसनलाई पठाउने र दुबै पक्षबीच थप छलफल गरी समझदारी पत्रको मस्यौदा स्वीकृतिको लागि समितिको आगामी बैठकमा पेश गर्न समिति सचिवालयलाई निर्देशन दिने निर्णय गरियो।

३. आजको बैठकमा जग्गा कित्ताकाट सम्बन्धमा छलफल गर्दा नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले विभिन्न समयमा जारी गरेका परिपत्रहरु एकआपसमा बाझिएको देखिएको, एउटै विषयमा फरक फरक परिपत्र गरिरहेको जग्गा कित्ताकाट वा प्लानिङ सम्बन्धमा निश्चित नीति नअपनाइएको समेत देखियो ।उपरोक्त परिपत्रहरुमध्ये कुन-कुन परिपत्र कसरी कार्यान्वयन भइरहेको छ ? र सम्मानित सर्वोच्च अदालतको मिति २०७४ फागुन २ गतेको निर्देशनात्मक आदेशको कार्यान्वयनको सम्बन्धमा के-कति प्रगति भएको छ ? सो को स्पष्ट जानकारी १५ दिनभित्र समिति सचिवालयमा पठाइदिन नेपाल सरकार, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयलाई पत्राचार गर्ने निर्णय गरियो।

४. अन्त्यमा, सभापतिज्यूले बैठकमा उपस्थित समितिका मा.सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो र समितिको अर्को बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित गर्नु भयो।